का.जि.प्र.का.द.नं. १००/०५९/६०

१४ फागुन २०८०,
सोमबार
26 February 2024,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नं

वर्ष २२, अंक १३ । पृष्ठ १२
Madhyanha National Daily
www.madhyanhadaily.com



# अप्ठ्यारोमा प्रधानमन्त्री

विवादित मन्त्रीलाई हटाउन गठबन्धनका मुख्य घटक नेपाली कांग्रेस र नेकपा एकीकृत समाजवादीले मानिरहेका छैनन् । नहटाउँदा सार्वजनिक प्रश्न पन्छाउन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई सजिलो छैन ।

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, १३ फागुन ।

शनिबार र आइतबार सत्तारुढ गठबन्धनमा रहेका दलका शीर्ष नेताहरुबीच अनौपचारिक संवाद भएको छ। नेकपा एमालेले भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला र स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहन बस्नेतको राजीनामा मागेर संसदमा सरकारको जवाफ खोजिरहेका बेला प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपालका बीचमा संवाद भएको हो ।

माधव नेपाल र प्रचण्डको भेटमा बालकुमारी घटनाका सम्बन्धमा दोषी देखिएको भनिएका भौतिक पूर्वाधारमन्त्री ज्वालाको विषयमा छलफल भएको थियो । माधव नेपालले ज्वालालाई विवादित बनाउन मात्रै खोजिएको निष्कर्षमा पार्टी रहेको र उनलाई मन्त्रीबाट हटाउने म्यान्डेड पार्टीले आफूलाई नदिएको बताएका छन्। साथै प्रश्न उठेका मन्त्रीहरु अन्य समेत रहेको भनी उनले स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहन बस्नेतलाई समेत देखाएका छन् ।

स्वास्थ्यमन्त्री बस्नेत टेरामक्स प्रविधि खरिद प्रकरणमा अनुसन्धानमा छन् । उनीसँग अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बयान पृष्ठ २ मा

**झापामा सरकारी जग्गा हिनामिना प्रकरण**

## १८७ जनाविरुद्ध मुद्दा दायर माओवादी नेता पनि अभियुक्त

खोला किनारको सरकारी जग्गा व्यक्तिको नाममा नामसारी गरेको प्रकरणमा माओवादी नेता गगन पुरीसमेत अभियुक्त छन् ।



**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, १३ फागुन ।

झापामा ३८४ रोपनी सरकारी जग्गा हिनामिना भएको छ । अनुसन्धानको यही निष्कर्षका आधारमा दमकस्थित सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गर्ने १८७ जनाविरुद्ध मुद्दा दर्ता भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दमक नगरपालिका १३ र १४ स्थित बालुवाटारको ३८४ रोपनी ८ आना एक दाम सरकारी जग्गा व्यक्तिको नाममा गरी राज्यलाई नोक्सानी पुऱ्याएको निष्कर्षसहित मुद्दा दर्ता गरेको हो । आइतबार विशेष अदालत काठमाडौँमा दायर गरिएको आरोपपत्रमा अख्तियारले नापी कार्यालय झापाका ९ जना कर्मचारी, गैरकानुनी तरिकाले जग्गा दर्तावालाहरू ६५ जना र बिगो असुल गर्न तथा जग्गा जफत गर्ने प्रयोजनका लागि ११३ जनालाई प्रतिवादी बनाएको छ । अख्तियारका प्रवक्ता नरहरि घिमिरेका अनुसार प्रतिवादीहरूबाट एक करोडदेखि साढे ४१ करोड रुपैयाँसम्म बिगो माग दाबी गरिएको छ ।

झापाको रतुवा र दिपिनी खोला किनारको सार्वजनिक जग्गा व्यक्तिको नाममा नामसारी गरेको प्रकरणमा अख्तियारले भ्रष्टाचार मुद्दा दायर गरेको हो । झापाको बालुवाटार भनेर चिनिने खोला किनारको सरकारी जग्गा व्यक्तिको नाममा नामसारी गरेको प्रकरणमा माओवादी नेता रेवतराज पुरी (गगन पुरी), उनका परिवारका सदस्य, जग्गा खरिदकर्ताहरु, मालपोत र नापीका कर्मचारी र लेखापढी कानुन व्यवसायी लगायतका विचौलियाविरुद्ध मुद्दा दायर भएको हो । पुरीविरुद्ध अख्तियारले दुईवटा फरक फरक मुद्दामा ९ करोड रुपैयाँ भन्दा बढी बिगो माग गरेको छ ।

झापास्थित बालुवाटारकै २९ बिघा १७ कट्ठा ४ धुर जग्गा गैरकानुनी रूपमा व्यक्तिविशेषको नाममा घुसाई हालसाविक जग्गा दर्ता गर्ने कर्मचारी जग्गा दर्तावालासहित १७२ जनालाई प्रतिवादी बनाउँदै अर्को मुद्दा पनि अख्तियारले दर्ता गरेको छ । दोस्रो मुद्दामा अख्तियारले नापी कार्यालय झापा चन्द्रगढीका १० कर्मचारी, पृष्ठ २ मा

## मिटरब्याज पीडितसँग वार्तामा सरकार

*यसअघि मिटरब्याज पीडितहरूले काठमाडौं आएर दुई महिना आन्दोलन गरेका थिए। सरकारसँग सात बुँदे सहमतिपछि फर्किएका थिए। तर त्यसबेलाको सहमति कार्यान्वयन नभएको भन्दै पीडितहरु फेरि काठमाडौं आएका हुन् ।*



*राजधानीको प्रदर्शनीमार्गमा आइतबार मिटरब्याजविरुद्धको न्याय मार्चमा सहभागीहरु। तस्बिर : हरिराम भेटुवाल/रासस*

**शिव विक/मध्यान्ह**
काठमाडौं, १३ फागुन ।

सरकारले मिटरब्याज पीडितसँग वार्ता शुरु गरेको छ। झापाको काकडभिट्टा र कञ्चनपुरको महेन्द्रनगरबाट हिँडेर न्यायको खोजीमा काठमाडौं आएका मिटरब्याज पीडितसँग सरकारले वार्ता शुरु गरेको हो ।

यसका लागि गृह मन्त्रालयका सहसचिव रुद्रप्रसाद पण्डितको नेतृत्वको टोली गठन गरिएको छ। मन्त्रालयका अनुसार मिटरब्याज तथा ठगीविरुद्ध किसान-मजदुर संघर्ष समितिले वार्ता टोलीबाट वार्ता गर्न संघर्ष पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## दुबई रोजगार मेलामा पाँच दर्जन बढी म्यानपावरको स्टल रहने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ फागुन

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आयोजनामा आगामी मार्च महिनाको पहिलो हप्ता यूएईमा हुने रोजगार मेला 'जब तथा बिजनेश फेयर'मा ५ दर्जन बढी वैदेशिक रोजगार व्यवसायीले भाग लिने भएका छन्।

आइतबारसम्म ६० भन्दा बढी व्यवसायीले रोजगार मेलाका लागि स्टल बुकिङ गरेको रोजगार तथा बिजनेस मेलाका लागि संघले प्रथम उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय कोअर्डिनेटर डिक बहादुर खत्रीको संयोजत्वमा गठन गरेको मूल आयोजक समितिका सदस्य कर्णराज कटुवालले जानकारी दिए।

मेलामा भाग लिन व्यवसायीहरुले ९६ हजारको हाराहारीमा शुल्क बुझाएका छन्। यूएईको होटल मरिनामा हुने तय भएको जब फेयरमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी, सचिव केवलप्रसाद भण्डारी, वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेती सहभागी हुने तय भएको पनि कटुवालले जानकारी दिए ।

यूएईस्थित नेपाली दूतावासको सहकार्य रहने जब फेयरमा यूएईस्थित रोजगारदाताहरु, सबै स्टेटका चेम्बर, इन्डियन इन्भेष्टमेन्ट ग्रुप, सबै बिजनेस कम्युनिटी, एचआर एशोसिएसन र आधिकारिक नेपाली चेम्बरहरुलाई सहभागी गराउने तयारी रहेको संघका महासचिव तथा पृष्ठ २ मा

### मलेसियामा कामदारको नयाँ भर्ना प्रतिबन्ध हटाउन माग

**क्वालालम्पुर/मस-** मलेसियाका व्यापारिक समूहहरुले आगामी मार्च १ बाट शुरु हुने अवैधानिक अवस्थामा रहेका आप्रवासी कामदार स्वदेश फिर्ता कार्यक्रमलाई ध्यानमा राख्दै विदेशी कामदारको नयाँ भर्नामा रहेको प्रतिबन्ध हटाउन माग गरेका छन् ।

मलेसियाली मुस्लिम रेस्टुरेन्ट ओनर्स एशोसिएसनका पृष्ठ २ मा

## सतहमा लोसपा विवाद

पार्टीभित्रको विवाद गुम्सिरहेका बेला राजेन्द्र महतो छुट्टै भेला नै गरेर मोर्चाबन्दीमा लागेका छन् । असन्तुष्ट नेताहरुले पार्टीको निर्णय विपरीत काठमाडौंमा भेला आयोजना गरेपछि लोसपा विवाद सतहमा देखा परेको हो ।



"उत्तराधिकारीलाई नेतृत्वको जिम्मा लगाएर आफू विश्राम लिने पो हो कि अध्यक्षज्यू ?

**केशव झा**
**महासचिव, लोसपा**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १३ फागुन ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को विवाद सतहमा आएको छ। पार्टी भित्रको विवाद गुम्सिरहेका बेला राजेन्द्र महतो छुट्टै भेला नै गरेर मोर्चाबन्दीमा लागेका छन् । असन्तुष्ट नेताहरुले पार्टीको निर्णयविपरित काठमाडौंमा भेला आयोजना गरेपछि लोसपा विवाद सतहमा देखा परेको हो ।

नेताहरुका अनुसार महतोले सोमबार राजधानीमा आफू समर्थित नेता कार्यकर्ता र उनको मोर्चामा जोडिन चाहेका अन्य समूहहरु





समेतको भेला बोलाएका छन्। उक्त भेलामा देशभरबाट झण्डै ६ र ७ सय प्रतिनिधिहरु सहभागी हुनेछन्। राष्ट्रिय सभागृहमा हुने भेला तीन दिन चल्नेछ। भेलामा महतोले आफ्नो राजनीतिक कार्यदिशा र समसामयिक विषयमा धारणा राख्ने तय भएको छ। पृष्ठ २ मा



# दादुरा–रुबेलाविरुद्धको खोप अभियान शुरु

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ फागुन



सरकारले आइतबारदेखि दादुरा-रुबेलाको विरुद्धको खोप अभियान सञ्चालन गरेको छ। दादुरा रुबेलाको संक्रमणको जोखिमलाई मध्यनजर गर्दै आइतबारदेखि अगामी चैत ७ गतेसम्म खोप अभियान जारी रहने छ। खोप भारतसँग सीमा जोडिएका दादुरा-रुबेलाको अति संक्रमित २१ जिल्ला तथा काठमाडौं उपत्यकाका तीन जिल्ला गरी २४ जिल्लामा नौ महिनादेखि १५ वर्षमुनिका सबै बालबालिकालाई खोप लगाइने छ। यस्तै ५१ जिल्लाका नौ महिनादेखि पाँच वर्षसम्मका बालबालिकालाई पनि खोप लगाइने छ। खोप बिहान १० बजदेखि दिउँसो ४ बजेसम्म बालबालिकालाई विद्यालय तथा खोप केन्द्रमा खोप लगाइने छ।

स्वास्थ्य सेवा विभाग, बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमका अनुसार नौ महिनादेखि पाँच वर्षमुनिका २१ लाख ३० हजार ६८३ बालबालिका र पाँच वर्षदेखि १५ वर्षमुनिका ३६ लाख १२ हजार ३१० बालबालिका गरी कूल ५७ लाख ४२ हजार ९९३ बालबालिकालाई खोप लगाइने छ। खोप अभियानका लागि देशभरि ४८ हजार ७९८ खोप केन्द्र रहेका छन्। यस्तै ४९ हजार ९३७ जना स्वास्थ्यकर्मी र ५९ हजार ९०६ जना स्वयम्सेवक परिचालन गरिने छ। खोप सुरक्षित र प्रभावकारी रहेकाले सबैले आआफ्नो बालबालिकालाई खोप लगाउन भन्दै उनले खोपले ८५ प्रतिशतलाई दादुरा रुवेला रोगसँग लड्ने क्षमता विकास गर्ने बताए। उनले खोप लगाएपछि बच्चालाई ज्वरो आउने, रुघाखोकी आउनेजस्ता समस्या देखिए पनि आत्तिनुपर्ने अवस्था नरहेको बताए। उनले खोप लगाएपछि बच्चामा समस्या हुने भएको जिल्लास्तरमा आकस्मिक उपचारको टोली गठन गरिएको बताए।

# जुम्लामा १० हजार बढीलाई खोप लगाइने

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, १३ फागुन

जुम्लाको चन्दननाथ नगरपालिकासहित आठ वटा स्थानीय तहमा दादुरा-रुबेलाविरुद्धको खोप अभियान शुरु भएको छ। आइतबार चन्दननाथ नगरपालिकाको वडा नं ४ मा एक औपचारिक कार्यक्रमको आयोजना गरी खोप अभियान शुरु गरिएको हो। नगरपालिकाका मेयर राजुसिंह कठायतले दादुरा-रुबेलाविरुद्धको खोप अभियानको उद्घाटन गरे।

राष्ट्रिय खोप कार्यक्रमअन्तर्गत आइतबारबाट जुम्लाको चन्दननाथ नगरपालिका, गुठीचौर गाउँपालिका, तातोपानी गाउँपालिका र पातारासी गाउँपालिकामा खोप लगाइँदैछ। त्यस्तै तिला, हिमा, सिजा र कनकासुन्दरी गाउँपालिकामा यही फागुन १९ गतेबाट खोप लगाउन शुरु गरिने जनस्वास्थ्य कार्यालय जुम्लाका प्रमुख कृष्णा सवकोटाले बताए।

खोप अभियान उद्घाटन कार्यक्रममा बोल्दै जुम्लाका प्रमुख जिल्ला अधिकारी जय कुमार घिमिरेले सरकारले २०२६ सम्म दादुरा-रुबेला निवारण गर्ने लक्ष्य लिएको बताए। उनले बालबालिकालाई दादुरा-रुबेलाको महामारीबाट बचाउने दायित्व नेपाल सरकारको रहेको बताउँदै अभियान सफल बनाउन सबैलाई अनुरोध गरे।

९ महिनादेखि पाँच वर्षसम्माका १० हजार ७ सय जना बालबालिकालाई खोप लगाउने लक्ष्य राखिएको छ। जसमा १ सय ६५ वटा खोप केन्द्र रहेका छन् भने ९० जना स्वास्थ्यकर्मीले खोप सेवा दिने छन्।

# उदयपुरमा दुई चरणमा खोप अभियान

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १३ फागुन

उदयपुरमा दादुरा-रुबेलाविरुद्धको खोप अभियान शुरु भएको छ। जिल्ला जनस्वास्थ्य कार्यालय उदयपुरको आयोजनामा जिल्लाको विभिन्न पालिकाहरुमा आइतबारदेखि दादुरा-रुबेलाविरुद्धको खोप अभियान शुरु भएको हो।

जनस्वास्थ्य कार्यालय उदयपुरका खोप सुपरभाइजर चिरन्जिवी निरौलाले १३ देखि १७ गते तथा २२ देखि २६ गतेसम्म गरी दुई चरणमा खोप लगाइने जनाए। निरौलाले जिल्लाको त्रियुगा, कटारी, बेलकासहित ८ वटै पालिकामा खोप केन्द्रहरु राखिएको र सोही अनुसार खोप लगाइने बताए।

जिल्ला जनस्वास्थ्य कार्यालय उदययुरका अनुसार खोप जिल्लाभरको अनुमानित २९ हजार १३४ बालबालिकालाई लगाइने छ। पहिलो चरणमा लिम्चुङ र रौतामाई गाउँपालिका तथा त्रियुगा, बेलका र चौदण्डीगढी नगरपालिका र दोस्रो चरणमा उदयपुरगढी, ताप्ली गाउँपालिका र कटारी नगरपालिकामा खोप अभियान सञ्चालन हुने बताइएको छ। खोप ९ महिनादेखि ५ वर्ष मुनिका र ९ महिनादेखि १५ वर्ष मुनिका लक्षित वर्ग समूहलाई लगाइने छ।

# अर्घाखाँचीमा १२ हजार बढीलाई खोप लगाइने

**नविन वि.क/मध्यान्ह**
अर्घाखाँची, १३ फागुन

अर्घाखाँचीमा आइतबारदेखि दादुरा-रुबेलाविरुद्धको खोप अभियान शुरु भएको छ। जिल्लाका ६ वटै स्थानीय तहमा आइतबारदेखि दादुरा-रुबेलाविरुद्धको खोप लगाउन शुरु गरिएको हो। खोप अभियानको सन्धिखर्क नगरपालिका वडा नं. १ मा रहेको बालमन्दिर खोप केन्द्रबाट बालबालिकालाई खोप लगाएर शुभारम्भ गरिएको छ।

जिल्लामा ३३१ खोपकेन्द्रबाट ९ महिनादेखि ५ वर्ष मुनिका १२ हजार ८ सय १० जना बालबालिकालाई खोप लगाइने स्वास्थ्य कार्यालय अर्घाखाँचीका प्रमुख शिव नेपालीले जानकारी दिए। उनले अभियानमा छुट भएका नियमित खोप पनि लगाइने भएकाले खोप कार्ड लिएर खोप केन्द्रमा जान आग्रह गरेका छन्।

शुभारम्भ कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख जीवनारायण कोइरालाले यस अभियानमा खोप लगाउनबाट कोही पनि छुट्न नहुने बताएका छन्। कोइरालाले दादुरा-रुबेला रोग सरुवा रोग र छिट्टै एक जनाबाट धेरै जनामा सरेर महामारिको रुप समेत लिन सक्ने भएकाले खोप अनिवार्य लगाउनुपर्ने बताए।

**अप्ठ्यारोमा...**

लिइसकेको छ। नेताहरुका अनुसार कांग्रेस सभापति देउवासँगको भेटमा प्रधनमन्त्री प्रचण्डले एकीकृत समाजवादीले मन्त्री ज्वालालाई नहटाउन भनेको र विवादित मन्त्रीमा स्वास्न्यमन्त्री समेत रहेको बताएका थिए। नेपाल वायु सेवा निगमको आफ्नै समितिले नयाँ जहाज ल्याउन सक्ने अवस्था नरहेको रिर्पोट दिदाका बाबजुत खरिद प्रक्रिया अगाडि बढाइएको उल्लेख गर्दै सांसद खतिवडाले भनेका छन्, 'थ्रि हन्ड्रेड जि भन्ने प्लेन ल्याइँदैछ जुन अहिले उत्पादनमा छैन। त्यो ल्याएर झण्डै १८ करोड कमिसन खाने खेलमा लागेको सूचना प्राप्त भएका छन्।'

नयाँ जहाज खरिद प्रक्रियाका सम्बन्धमा कांग्रेसकै सांसद श्यामकुमार घिमिरेले प्रश्न गरे। 'जहाज किन्ने र भाडामा लिने काममा पर्यटनमन्त्री लाग्नुभएको छ। कांग्रेस सांसद घिमिरेको प्रश्न छ। 'चाहे नेपाल एयरलाइन्समा भएको नियुक्ति होस्, चाहे नेपाल एयरलाइन्समा होस्, चाहे पशुपति विकास कोषमा होस्, चाहे लुम्बिनी विकास कोषमा होस् त्यहाँ भएका नियुक्ति एकचोटी हेरियोस्' सरकारी नियुक्ति कामका आधारमा नभई दामका आधारमा हुन थालेको भन्दै उनले भनेका छन्, 'गौतम बुद्ध शान्तिका दूत, शान्तिका दूतको नाममा लक्करमा गोली राख्ने मान्छेलाई नियुक्त गरेपछि देशको हालत के होला सभामुख महोदय ?' खतिवडाका अनुसार हाल निगममा बाह्र सय कर्मचारी स्थायी र आउट सोर्सिङबाट झण्डै आठ सय कर्मचारी कार्यरत छन्। टाउन गठबन्धनले मानिरहेको छैन। नहटाउँदा सार्वजनिक रुपमा उठेको प्रश्न पन्छाउन गाह्रो छ। यही बेला सत्तारुढ दलका नेताहरु नै माओवादीका मन्त्रीहरुबारे आलोचनामा उत्रिएपछि प्रधानमन्त्री प्रचण्ड थप अप्ठ्यारोमा परेका हुन्।

**झापामा...**

दमकका ७ जना, मालपोत कार्यालय झापाका ११ जना कर्मचारी, जग्गा दर्तावाला ३६ जना र बिगो असुलउपर तथा जग्गा जफत प्रयोजनका लागि १०८ जनालाई प्रतिवादी बनाएको छ।

**मिटरब्याज...**

समितिले अवधेश कुश्वाहाको नेतृत्वमा ९ सदस्यीय वार्ता टोली रहेको छ। संघर्ष समितिले वार्ता टोली गठन गरेसँगै आइतबार नै सरकारसँग औपचारिक वार्ता सुरु गरेको हो।

२५ दिन पैदल हिँडेर न्याय मार्च गर्दै काठमाडौं आएका मिटरब्याज पीडितसँग वार्ता गरेर तत्कान समाधान निकाल्ने पक्षमा सरकार छ। मिटरब्याज तथा ठगी विरोधी किसान संघर्ष समिति विगत ३ वर्षदेखि निरन्तर आन्दोलनरत छ। यसअघि पनि मिटर ब्याजपीडितहरू काठमाडौ आएर दुई महिना आन्दोलन गरेका थिए। सरकारसँग सात बुँदे सहमतिपछि पीडित फर्किएका थिए। तर उनीहरुसँग भएको सहमति कार्यान्वयन नभएको भन्दै पीडितहरु फेरि काठमाडौ आएका हुन्।

**दुबई ...**

सदस्य सचिव मेघनाथ भुर्तेलले जानकारी दिए। यूएईमा नेपाली कामदारका लागि धेरै क्षेत्रमा रोजगारीको सम्भावना भएपनि बिचौलियाहरुका कारण समस्या रहेकाले रोजगारदाताहरुसँग नेपाली म्यानपावर व्यवसायीहरुको प्रत्यक्ष सम्बन्ध स्थापित गर्न जव फेयर आयोजना गर्न लागिएको संघले बताएको छ। मेला मूल आयोजक समितका संयोजक खत्री तथा संघका यूएई संयोजक नारायण भुसाललगायत व्यवसायी तयारीका लागि यूएई पुगिसकेका छन्।

नेपालले १७ वर्षअघि २००७ को जुन ६ तारिकमा दुबईको ग्रान्ड हयात होटलमा जव फेयर गरेको थियो। उक्त जव फेयरका कारण नेपालमा कामदारहरु अदक्ष मात्र उपलब्ध छन् भन्ने यूएईका रोजगारदाताहरुको सोचाइ नै परिवर्तन भएको थियो। पछिल्ला महिनाहरुमा यूएई धेरै नेपाली कामदार जाने श्रम गन्तव्य मुलुकको शीर्ष स्थानमा रहेको छ। यूएई र नेपाल सरकारबीच यसअघि भएको सम्झौताअनुसार नेपाली कामदारको खर्च रोजगारदाताले नै व्यहोर्नुपर्ने व्यवस्था छ। सम्झौतामा कामदारले कुनै पनि शुल्क भुक्तानी गर्नु नपर्ने भएपनि रोजगारदाताको कमीकमजोरीका कारण कतिपय अवस्थामा कामदारहरु शुल्क तिरेर जाने गरेका छन्। म्यानपावर कम्पनी र रोजगारदाता कम्पनीको प्रत्यक्ष सम्पर्कको अभावका कारण बिचौलियाले फाइदा लिएको र उनीहरुलाई कामदार भर्ना प्रक्रियाबाट पन्छाएर म्यानपावर कम्पनी र रोजगारदाताको प्रत्यक्ष सम्बन्ध स्थापित गर्नका लागि जव फेयर आयोजना गर्न लागिएको संघको भनाइ छ। संघले बृहत् रुपमा कार्यक्रम सफल बनाउन सल्लाहकार समिति, मूल समिति र ५ वटा उपसमिति गठन गरिसकेको छ।

**मलेसियामा...**

अध्यक्ष जवाहर अली तैब खानले अवैधानिक कामदारको घर फिर्ताको कार्यक्रमले वर्षौंदेखि मलेसियामा काम गरिरहेका जनशक्तिको अभाव हुने भएकाले सरकारले नयाँ विदेशी कामदार ल्याउने प्रक्रियालाई पनि सहज बनाउनुपर्ने माग गरे। मलेसियाको एसएमई एशोसिएसनका अध्यक्ष डिङ हङ सिङले कागजविहीन कामदारहरुलाई स्वदेश फर्काउने कामले धेरै रोजगारदाताहरुले अनुभवी कामदारको अभावको सामना गर्न सक्ने बताए। त्यसबाट प्लान्टेशन र उत्पादन क्षेत्रका एसएमई (साना र मझौला उद्यमहरु) प्रभावित हुन सक्ने उनले बताए। उनले सरकारले स्वदेश फर्काउन लागेका अवैधानिक अवस्थामा रहेका विदेशी कामदारहरुलाई अध्यागमन शिविरमा थुन्नु उचित नभएको पनि बताए।

क्वालालम्पुर र सेलान्गोर इन्डियन चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्रीका अध्यक्ष निवास रागावनले उद्योगको आवश्यकताका आधारमा विदेशी कामदारको आपूर्तिका लागि अनुमति दिनुपर्ने बताए। मलेसियाली उत्पादक संघका अध्यक्ष सोह थियान लाइले सरकारले मार्च १ देखि अवैधानिक अवस्थामा रहेका विदेशी कामदार फर्काउनुअघि नयाँ कामदार भर्नाको सुनिश्चितता गर्नुपर्ने माग गरे। विज्ञहरुले भने गैरकानूनीरुपमा विदेशी कामदार आउनुको मुख्य कारण आउटसोर्सिङ नीति जिम्मेवार रहेको भन्दै आउटसोर्सिङ प्रणालीमा पुनर्विचार गर्नुपर्नेमा जोड दिएका छन्।

**सतहमा...**

उक्त भेलाले राजनीतिक संघर्षका कार्यक्रमहरू अघि बढाउने नेताहरु बताउँछन्। महतोको अभियानलाई साथ दिँदै आएका लोसपाका महासचिव केशव झाका अनुसार काठमाडौंको भेलापछि माइतीघरको निषेधित क्षेत्र तोडेर आन्दोलन सुरुवात गर्ने तयारी छ। महासचिव झा ले आइतबार मात्रै अध्यक्ष महन्थ ठाकुरलाई नेतृत्व छाड्न सुझाव दिँदै पत्र पठाएका छन्। ठाकुर र महतोबीच विवाद उत्कर्षमा पुगिरहेका बेला महासचिव झाले ठाकुरलाई पत्र लेख्दै नेतृत्व छाड्न सुझाव दिएका छन्। 'लोसपा अझै चारवटा पार्टी (तमलोपा, सदभावना, रामसपा, नेसपा) को लिगेसी बोकेको पार्टी हो। नेपाली कांग्रेस जस्तो पुरानो पार्टीमा त अझै भागबण्डा गरेर पार्टी बलियो बनाउने कार्य भइरहेको छ भने भागवण्डाको राजनीतिले पाटी कमजोर हुन्छ भनेर बुझ्नु गलत भयो कि' ठाकुरलाई नेता झाले सोधेका छन्। महासचिव झाले पाटीको गति बढाउन अब गियर चेन्ज गर्ने बेला आएको भन्दै अध्यक्ष ठाकुरलाई भनेका छन्, 'उत्तराधिकारीलाई जिम्मा लगाएर आफू विश्राम लिने पो हो कि अध्यक्ष ज्यू ?'

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी वृत्त मालीगाउँ, काठमाण्डौ ।

## दुई पाङ्ग्रे सवारी साधनहरुको स्वामित्व दावी गर्न आव्हान गरिएको सूचना

प्रकाशित मिति २०८०।११।१४ गते (ने.स. ११४४ सिल्लागा २ सोमबार) प्रहरी वृत्त मालीगाउँ, काठमाण्डौ तथा मातहत प्रहरी कार्यालयहरुबाट सबारी साधन चेकिङ्गो क्रममा बिभिन्न कसुरमा तथा बेवारिसे अवस्थामा फेला परी बिगत लामो समय देखि यस कार्यालयमा राखिएका सवारी साधनहरुको सम्बन्धमा हाल सम्म सवारी धनी पत्ता नलागेका, सवारी धनी खोज तलास गर्दा समेत प्रहरीको सम्पर्कमा नआएका सवारी साधनहरुको स्वामित्व दावी गर्नका लागि सरकारी सम्पत्ती तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी कार्यविधि २०७९ को परिच्छेद ३ को दफा २० (१) बमोजिम प्रकाशन गरिएको सूचना तथा विस्तृत बिवरण Facebook Page:– प्रहरी वृत्त मालीगाउँ, काठमाण्डौ र माथी रहेको QR कोडमा राखिएको हुदाँ उक्त सवारी साधनहरु उपर कोही कसैको हक दावी लाग्ने भए प्रमाण खुल्ने कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र स्वामित्व दावी गर्न हुन अनुरोध गरिएको छ। अन्यथा तोकिएको समय भित्र हक दाबी गर्न नआएमा सरकारी सम्पत्ती तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी कार्यविधि २०७९ को परिछेद ३ को दफा २० को (२) र (३) बमोजिम भई जाने व्यहोरा सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**कुबेतमा रोजगार**
**INTERNATIONAL AL-ABRAAJ GENERAL TRADING FOR FOODSTUFFS**
पुर्व स्विकृति मितिः 2023/04/05 चलानी नं. 60199514 LT No. 284159 पून:बिज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने रू | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaner | 50 | कामको ज्ञान | 85 | 36772 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०८० फागुन २१ गते (04 March 2024) हुनेछ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को १ प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला। लागत खर्चः ० श्रम इजाजत पत्र नं. ४५४/०६०/०६१

**सिद्धार्थ गौतम ओभरसिज सर्भिसेज प्रा. लि.**
महाराजगञ्ज, आकृति मार्ग, काठमाडौं, फोन नं.: ४०१६२४९, ४०१६२५०

**हार्दिक समवेदना**



**जन्म**
वि.सं. २००१ फागुन २ गते

**स्वर्गारोहण**
वि.सं. २०८० फागुन २ गते

**स्व. गौरीनारायण श्रेष्ठ**

यस मध्यान्ह दैनिककी प्रकाशक सीतादेवी श्रेष्ठका पुजनीय पिता एवम् सम्पादक मदनकुमार श्रेष्ठका पुज्य ससुराज्यू **गौरीनारायण श्रेष्ठ**को यही मिति २०८० फागुन २ गते, बुधबार ८० वर्षको उमेरमा असामयिक निधन भएको आज १३औं दिनको पुण्यतिथिमा हार्दिक समवेदना प्रकट गर्दछौं। साथै, यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति मिलोस् भन्दै भगवान्सँग प्रार्थना गर्दछौं।

**मध्यान्ह दैनिक परिवार**

**कालिमाटी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
रामपुर, सल्यान
कर्णाली प्रदेश, नेपाल

## नदीजन्य पदार्थको दरभाउपत्र आव्हान सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८०/११/१४ गते

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को घ (१) घ को (२) घ को (६) मा भएको व्यवस्था बमोजिम कालिमाटी गाउँपालिकाको अधिकार क्षेत्रभित्र पर्ने नदीजन्य पदार्थको ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेलको आन्तरिक आय संकलन गर्न प्रारम्भिक वातावरण परीक्षण (IEE) प्रतिवेदन अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा ९ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ बमोजिम देहायका शिर्षकहरुमा राजश्व असुली सम्बन्धी कार्य आ.व.२०८०/०८१ को लागि ठेक्का द्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कानूनी प्रक्रिया पुरा गरेका योग्य फर्महरुले बोलपत्र खरिद गरी देहायको मिति र समयभित्र बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ। अन्य थप जानकारीका लागि कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**आन्तरिक आय ठेक्का विवरण**

| सि. नं. | ठेक्का नं. | नदी/खोलाको घाटको विवरण | आ.व. २०८०/०८१ को नदीजन्य पदार्थ विक्री परिमान (घन फिटमा) | आ.व. २०८०/०८१ को नदीजन्य पदार्थ विक्री शुल्क दर (घन फिटमा) | आ.व.२०८०/०८१ को नदीजन्य पदार्थ विक्री वापत जम्मा विक्री शूल्कको न्यूनतम् अंक (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | 08/NCB/ GOODS/ KRM /2080/081 | बबई नदीको बटौली र कुसुमतारा घाट | ९४०८०० | ३।०० | २८२२४००।०० | बोलपत्र |

**ठेका सम्बन्धि शर्तहरू**

१. माथि उल्लेखित ठेक्काहरुको लागि रु.३०००/- (फिर्ता नहुने गरी) बोलपत्र फारम खरिद गरी पेश गर्नुपर्नेछ।
२. ठेक्का अवधि सामान्यतया आ.व.२०८०/८१ को जेष्ठ मसान्तसम्म कायम रहनेछ तर ठेक्कामा उक्त अवधि भन्दा अगावै तोकिएको परीमाणमा उत्खनन गरेको खण्डमा उक्त अवधी कम पनि हुन सक्नेछ। साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हड्ताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावी गर्न पाईने छैन।
३. IEE प्रतिवेदनले निषेध गरेको अवधी तथा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाईने छैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री बिकी तथा निकासी गर्न सकिनेछ।
४. सम्झैता गर्दा माथी उल्लेखित सबै ठेक्काहरुमा कबोल अंकको थप मूल्य अभिवृद्धी कर (१३%) ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नु पर्नेछ।
५. धरौटी बापत कबोल गरेको अंकको ५% रकम यस कालिमाटी गाउँपालिका सल्यान नबिल बैंक कालिमाटी शाखा स्थित बैंक धरौटी खाता नं. २३४०१०१७५०००१६ मा नगद दाखिला गरेको सकल भौचर वा दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको बैंक जमानत (बिड बोन्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ। धरौटी बापत जम्मा गरेको रकमलाई किस्ता समावेश गर्न पाइने छैन र उक्त बैंक जमानत तथा धरौटी नियमानुसार कागजात पेश गरि सकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिने छ।
६. दरभाउपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तूर बापतको रकम यस कार्यालयको नबिल बैंक कालिमाटी शाखा स्थित आन्तरिक राजश्व खाता नं. २३४०१०१७५०००२७ मा दाखिला गर्नु पर्नेछ।
७. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
८. दरभाउपत्र दिदा कुनै किसिमको शर्त मान्य हुने छैन। साथै रीत नपुगी आएको बोलपत्र उपर कुनै कारबाही गरीने छैन।
९. ठेक्कामा कुनै विवाद भएमा कालिमाटी गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।
१०. उपरोक्त बोलपत्रको लागि सूचना प्रकाशित भएको मितिले १६ औं दिन सम्म www.bolptra.gov.np मार्फत खरिद गरि दिनको १२:०० बजेसम्म दर्ता भएका बोलपत्र सोहि दिनको दिउँसो २:०० बजे कालिमाटी गाउँपालिकाको कार्यालयमा खोलिनेछ।
११. बोलपत्र फारामहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सोको भोलिपल्ट सोही समयमा ततत कार्यहरु गरिनेछ।
१२. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धि अन्य शर्तहरुका प्रत्येक बुदाहरु यसै सूचनाको गर्त सरह लागु हुनेछ।
१३. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पूरा नभएका बोलपत्रहरु मूल्याङ्कनमा समावेश गरिने छैन।
१४. यस सूचना प्रकाशित गरेपछि कर्णाली प्रदेश सरकारबाट दररेटमा कुनै फेरबदल गरेको खण्डमा कबोल अंकमा पनि सोही अनुसार समायोजन हुनेछ।
१५. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

# इलाम–२ मा वैशाख १५ गते उपचुनाव हुने



**काठमाडौं/मस–** प्रतिनिधि सभा सदस्यका लागि इलाम क्षेत्र नम्बर २ मा २०८१ वैशाख १५ गते शनिबार उपनिर्वाचन हुने भएको छ । निर्वाचन आयोगको आइतबार बसेको बैठकले वैशाख १५ गते उपचुनाव गर्ने निर्णय गरेको हो ।

यस्तै बझाङको प्रदेश सभा निर्वाचन क्षेत्र नं १ मा पनि १५ वैशाखमै उपचुनाव हुने निर्वाचन आयोगले जानकारी दिएको छ ।

इलाम क्षेत्र नं. २ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य सुवासचन्द्र नेम्वाङ र बझाङ प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित प्रदेश सभा सदस्य पृथ्वी बहादुर सिंहको निधन भएपछि रिक्त रहेको पदका लागि उपचुनाव गर्न लागिएको हो ।

# विद्यालय सुधारका लागि कचहरी

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १३ फागुन

बर्दियाको गेरुवा गाउँपालिकामा पालिकास्तरीय शिक्षा कचहरी कार्यक्रम सञ्चालन गरिएको छ । खुल्ला छलफलमार्फत विद्यालयमा शैक्षिक गुणस्तर वृद्धिसँगै सरसफाइ तथा स्वच्छता सुधारका लागि पालिकास्तरीय शिक्षा कचहरी कार्यक्रम आइतबार सञ्चालन गरिएको हो ।

कचहरीमार्फत परियोजना लागु भएका विद्यालयका प्रध्यानाध्यापक, व्यवस्थापन समितिका पदाधिकारी, बाल क्लब, किशोरी क्लब, वासगेन्स परियोजना र गेरुवा गाउँपालिकाका पदाधिकारीहरू तथा विषयगत शाखाका कर्मचारीको उपस्थितिमा विद्यालयको शैक्षिक गुणस्तर वृद्धिसँगै सरसफाइ तथा स्वच्छता सुधारका लागि कचहरीमार्फत खुल्ला छलफल भएको जनाइएको छ ।

खुल्ला छलफल कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष जमान सिंह के. सी.ले पालिकाले १२ कक्षासम्म निःशुल्क शिक्षा घोषणा गरिसकेको वर्तमान अवस्थामा विद्यालयहरुको पठनपाठनका गुणस्तरीय वनाउन आफुहरु लागिपरेको बताउँदै हालसम्म खानेपानी, सरसफाइ तथा स्वच्छताका लागि पालिकाले विभिन्न निकाय र संघसंस्थाहरुसँग मिलेर कार्य गरिरहेको बताए । उनले भने, 'विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि तयार गर्न लागि परेका छौं ।'

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत नर बहादुर चन्दले सामुहिक प्रयासले विद्यालयलाई राम्रो बनाउन सकिने बताए । उनले विद्यालयमा देखिएका समस्या समाधान गर्न गाउँपालिका हातेमालो गर्न तयार रहेको प्रतिबद्धता जनाए ।

गेरुवा गाउँपालिकाको शिक्षा सरसफाइ तथा स्वच्छताको क्षेत्रमा देखिएका समस्यालाई समाधान गर्न समग्र वाश प्लान बनाएर पालिकाले काम गरिरहेको बताउँदै वास फोकल पर्सन रमेश प्रसाद बजगाईंले फोहर व्यवस्थापनका लागि दुई ठाउँमा डम्पिङ्ग साइड छनौट गरी व्यवस्थापनको योजना रहेको बताए ।

गुणस्तरीय शिक्षाको लागि कक्षाकोठाको व्यवस्थापन, विद्यालयमा किशोरीहरुले प्रयोग गरेको प्याडको व्यवस्थापन, स्वच्छ खानेपानीको पहुँच हुनुपर्ने विषय बाल क्लवका पदाधिकारीले उठाएका थिए । त्यसैगरी विद्यालयको सरसफाइका लागि आफू बसेको स्थानको सफा गर्ने जिम्मेवारी पनि स्वयंको हुने र सबै लागेमा मात्र विद्यालयमा खानेपानी सरसफाइ तथा स्वच्छता व्यवस्थापन हुन सक्ने पशुपति माध्यमिक विद्यालयका प्रधानाध्यापक ज्ञानेन्द्र चौधरीले बताए ।

खुल्ला छलफलमा वाश गेन्स परियोजनाले विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी गरेको काम प्रभावकारी रहेको विद्यालयका पदाधिकारीले बताएका छन् । परियोजना सञ्चालन भएदेखि विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता अमुल परिर्वतन भएको विद्यालयका पदाधिकारीहरुले प्रतिक्रिया दिएका छन् ।

परियोजनाले विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताको लागि निर्माण गरेको पहुँच युक्त खानेपानी, शौचालय र हात धुने संरचनाको प्रयोग, संरक्षण र व्यवस्थापन गर्ने समेत सरस्वती आधारभूत विद्यालयका प्रधानाध्यापक योगेन्द्र चौधरीले प्रतिबद्धता जनाए । गुणस्तरीय शिक्षा र बालबालिकाको चौतर्फी विकासको लागि सहभागीले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्ने प्रतिबद्धता समेत जनाएका छन् । कचहरी कार्यक्रममा सहभागीहरुबाट उठेका जिज्ञासाको सम्बोधन गेरुवा गाउँपालिकाका अध्यक्ष जमान सिंह के. सी., उपाध्यक्ष लक्ष्मी कुमारी चौधरी, प्रमुख प्रशासकिय अधिकृत नरबहादुर चन्द, शिक्षा शाखा प्रमुख नवराज अधिकारी, स्वास्थ्य शाखाका पुष्प बहादुर विष्ट र गाउँपालिकाका वास फोकल पर्सन बजगाईंले गरेका थिए ।


## UAE मा रोजगार | कम्पनी: EJADAH ASSET MANAGEMENT GROUP LLC
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/११/१३ चलानी नं.: ६०२१५४८० L.T. No.: 300593

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Life Guard | 50 | 0 | स. काममा दक्ष | 1200 | ४३,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २१ गते (4 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अल जराफा ह्यूमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.** श्रम इजाजत नं.: १५८/०६७/०६८
सिनामंगल, (NIC Asia Bank सँगै), काठमाडौं, फोनः ०१-४५९८१६२, ४५९३८७८
मोबाइल नं.: ९८०२३५५३९५, ९८०२३५५३९६, ९८०२३५५३९७

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त श्री एस.आर.सि. जब प्लेसमेन्ट प्रा.लि.(१५८५/०७९/०८०) मा विभिन्न पदमा कार्यरत निम्न कर्मचारीहरुलाई मिति २०८०/११/०१ गतेदेखि यस प्रा.लि.बाट हटाई सकिएको हुँदा निजहरुसंग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धित कुनै पनि कार्य नगर्न/नगराउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि कसैले यो सूचना प्रकाशित भएपछि पनि कुनै कार्य गरेमा यस प्रा.लि.को जवाफदेहि नहुने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

| क्र.स. | नाम | ठेगाना | पद | नागरिकता नं. |
|---|---|---|---|---|
| १ | सिमरेन छिरिङ्ग लामा | घरान-१५, सुनसरी | Office Secretary | ०६/२२९८७/१७९८७/०४४ |

**S.R.C. Job Placement Pvt. Ltd.**
Gov. Lic. No. 1585/079/80 Gongabu-26, KTM. Phone:- 01-5915880, 5916880

## Cyprus मा बैदेशिक रोजगारको अवसर

१. कम्पनी:- Global Tree Recruitment Ltd , Paphos, Cyprus पून:विज्ञापन

पूर्व स्वीकृती मिति २०८०।०२।२८ चलानी नं. ६०२०३०७१ LT.No. 287648

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 05 | - | काममा दक्ष | 800 | ११४,७२०।- | ६ दिन | ८ घण्टा | छ | नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Employee | 07 | - | काममा दक्ष | 700 | १००,३८०।- | ६ दिन | ८ घण्टा | छ | नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क र कुल लागत सहित लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु. ३५,०००।- |

**अन्तर्वार्ता मिति २०८० फागुन २१ गते (4 March, 2023) मेनपावर कार्यालय गोंगबुमा हुनेछ ।**

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :-१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग बुद्धनगर, काठमाण्डौमा सम्पर्क राख्नु होला ।

**S.R.C. Job Placement Pvt. Ltd.**
Gov. Lic. No. 1585/079/80 Gongabu-26, KTM. Phone:- 01-5915880, 5916880, Email:- info@srcjobplacement.com

## युएईमा रोजगार | कम्पनी: SOBHA CONSTRUCTIONS L.L.C.
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/११/१३ चलानी नं.: ६०२१५४७९ L.T. No.: 300594

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 100 | 0 | | 1200 | ४३,२६० | | | | | | | |
| 3. | Painter | 100 | 0 | | 1200 | ४३,२६० | | | | | | | |
| 4. | Pipe Fitter | 100 | 0 | | 1200 | ४३,२६० | | | | | | | |
| 5. | Tile Layer | 100 | 0 | | 1200 | ४३,२६० | | | | | | | |

कम्पनी: FIBREX LLC शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/११/१३ चलानी नं.: ६०२१५४७६ L.T. No.: 300585

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labourer | 200 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Steel Fixer | 200 | 0 | | 1200 | ४३,२६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन २१ गते (4 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ADVANCED MANAGEMENT CONSULTANTS** "manpower supply & recruitment consultant"
Govt. License No.: 1470/074 /075
TOP1 (FY 2020-2021) TOP 11 (FY2021-2022) ISO 9001:2015
**एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.**
Samakhushi-26, Kathmandu, Nepal ☎01-4964211, 4974211
info@amgroup.com.np www.amgroup.com.np
Talk with AMC Representative 9801080183, 9801029663, 9801044493, 9801021737, 9801080059, 9801044492, 9817002440, 9801080096

## मोटरसाईकल हरायो

मिति २०८०/११/११ गते बेलुका अन्दाजी १६:३० बजेको समयमा भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा वडा नं. ०२, फुटवल ग्राउण्डमा पार्किङ गरि राखेको बा.प्र.-०२-०४३ प-२९५६ नम्बर Black/Blue रङको 150cc बजाज कम्पनीको पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

सवारी धनी : भरत कार्की
ईन्जिन नं. : DHXPPM89746
च्यासिस नं. : MD2A11CX3PPM24414
सम्पर्क नं. : ९८११०३०१८९

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी: SPECIALIST SERVICES LLC शहर: DUBAI
पुर्व स्वीकृत मितिः २०८०/१०/२४ चलानी नं.: ६०२१४५०१ L.T. No.:299619

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Blaster | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter And Furniture | 10 | 0 | | 1200 | ४३,२६० | | | | | | | |
| 3. | Electrician | 20 | 0 | | 1200 | ४३,२६० | | | | | | | |
| 4. | Fabricator(Door/pipe Fitter/duct) | 30 | 0 | | 1200 | ४३,२६० | | | | | | | |
| 5. | Hvac Technician | 10 | 0 | | 1200 | ४३,२६० | | | | | | | |
| 6. | Painting | 10 | 0 | | 1200 | ४३,२६० | | | | | | | |
| 7. | Welder | 25 | 0 | | 1200 | ४३,२६० | | | | | | | |

**प्रि-अन्तरर्वाता धमाधम भई रहेको छ ।**

**फाईनल अन्तरर्वाता मौखिक ब्लू स्काईको कार्यालयमा र सीप परिक्षण युनिर्भसल टेक्निकल ट्रेनिङ एण्ड ओरियनटेशन सेन्टरमा २०८० फागुन २१ र २२ गते (4 & 5 March 2024) मा हुनेछ ।**

**सम्बन्धित क्षेत्रमा कम्तिमा ३ वर्षको अनुभव भएको हुन पर्नेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३१६/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ब्लू स्काई ईन्टरनेशनल प्रा. लि.**
महाराजगंज, चुनदेवी, गैरीमार्ग, काठमाडौं
(ब्राजिलियन राजदूताबासको पछाडी)
पो.ब.नं. १९३४६, फ्याक्स नं.: ४७२१८८८, फोन नं. ०१-४७२१६३३
application@blueskyint.com.np मा सिधै Apply पनि गर्नसक्नु हुनेछ ।

## UAE मा रोजगार | कम्पनी: 800TEK FACILITIES MANAGEMENT L.L.C.
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/११/१३ चलानी नं.: ६०२१५४७८ L.T. No.: 300591

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 100 | 100 | सम्बन्धित काममा दक्ष | 800 | २८,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Rope Access Cleaners (Level 1) | 60 | 0 | | 1300 | ४६,८६५ | | | | | | | |
| 3. | Rope Access Cleaners (Level 3) | 10 | 0 | | 2400 | ८६,५२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २१ गते (4 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SECURE NEPAL JOB PLACEMENT PVT . LTD.**
श्रम इजाजत नं.: १६४८/०८०/०८१
Sinamangal-09, Kathmandu, Nepal,Tel: 01-4919873, 4919874. | Email: info@securenepaljobs.com |


## Invitation for Bids

### Bagmati Rural Municipality
### Office of Rural Municipal Executive
**Bhattedanda, Lalitpur**

### Invitation for Bids No.: BAGL/NCB/WORKS/080/081-14

**Date of publication: 25-02-2024**

1. Bagmati Rural Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the Construction of Hall in Top of Administrative Building of Bagmati Rural Municipality under National Competitive Bidding procedures. The estimated amount for the works is (in NRs) 3421761.39 (including of VAT)
2. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit a non-refundable fee of NRs. 3000.0 for the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Kumari Bank Ltd.**
   **Name of the Office : Bagmati Rural Municipality**
   **Office Account no : 0790034694200007**
   **Aantarik Rajaswa (revenue) Shirshak no: GA1.1**
3. Pre-bid meeting shall be held at the date and time given in the bid document.
4. Sealed or electronic bids must be submitted to the office Bagmati Rural Municipality, Bhattedanda, Lalitpur, Nepal by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 26-03-2024 12:00. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 26-03-2024 15:00 at the office of Bagmati Rural Municipality Bhattedanda, Lalitpur, Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 87,500.00, which shall be valid for 30 days beyond the validity period of the bid.


# हार्दिक श्रद्धाञ्जली



**जन्म**
वि.सं. २००१ फागुन २ गते

**स्वर्गारोहण**
२०८० फागुन २ गते

**स्व. गौरीनारायण श्रेष्ठ**

हाम्रा प्रात:स्मरणीय बुबा/ससुरा/अभिभावक **स्व. गौरी नारायण श्रेष्ठ**को यही मिति २०८० फागुन २ गते ८० वर्षको उमेर भएको असामयिक स्वर्गारोहणले हामी मर्माहत भएका छौं । उहाँको स्वर्गारोहण भएको **आज १३ औं दिनको पुण्यतिथिमा** उहाँको आत्माको चीरशान्तिको कामनासहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दु:खद घडीमा विभिन्न माध्यमबाट हामीलाई सान्त्वना प्रदान गर्नुहुने समस्त इष्टमित्र महानुभावहरुमा हृदयदेखि नै धन्यवाद टक्र्याउँदछौं ।

**छोरी/ज्वाइँ**
सीतादेवी श्रेष्ठ/मदनकुमार श्रेष्ठ

**नातिनी/नातिनी ज्वाइँ**
मनिषा श्रेष्ठ/गणेश लामा
सनिषा श्रेष्ठ/सुल्तान ठाकुर

**पनातिनी/पनाति**
परिषा/रिन्चेन

**तथा समस्त श्रेष्ठ परिवार**

मध्यान्ह
www.madhyanhadaily.com
१४ फागुन २०८०, सोमबार
26 February 2024, Monday

## सम्पादकीय

# दुष्चक्रको भय

केही दिन यताका देखिएका घटनाक्रमले सत्तारूढ गठबन्धनभित्र खटपट बढेर गएको देखिन्छ । विशेषगरी सत्ता साझेदार दलहरू नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीको आन्तरिक छलफलहरूमा गठबन्धनलाई असर पार्नेगरी छलफल चलिरहेको छ । १० फागुनमा ललितपुरको गोदावरीमा सम्पन्न महासमिति बैठकमा गठबन्धनकै विषयलाई लिएर नेताहरूबीच चर्को मतभेद देखियो । महामन्त्री गगन थापाले आगामी चुनावमा गठबन्धन नगर्ने संकल्प गर्नुपर्ने प्रस्ताव ल्याएपछि कांग्रेसभित्र चर्को बहस भएको थियो । किनकि सभापति शेरबहादुर देउवा महामन्त्री थापाको प्रस्तावको विपक्षमा थिए । गठबन्धन नगर्ने निर्णयले आफू प्रधानमन्त्री बन्न नपाउने देउवाको सोझो हिसाब थियो । तर महासमिति हलभित्र देउवाको अडान भन्दा पनि महामन्त्री थापाको प्रस्तावको पक्षमा माहोल देखियो । त्यस्तो माहोल देखेका नेताहरूले अहिले सार्वजनिक रूपमै गठबन्धनविरोधी अभिव्यक्ति दिन थालेका छन् ।

सरकारको नेतृत्व गरिरहेको माओवादी केन्द्रले त राष्ट्रियसभाको चुनावबाटै गठबन्धनप्रति असन्तुष्टि जनाउन थालेको हो । कोशी प्रदेशमा आफ्ना उम्मेद्वारलाई एमालेका उम्मेद्वारले पराजित गरेपछि गठबन्धन लाभकारी नभएको निष्कर्ष केन्द्रीय नेतृत्वले नै निकालेको थियो । अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले १ फागुनमा विधान महाधिवेशन उद्घाटन गर्ने क्रममा कांग्रेससँगको गठबन्धनले लगातार नोक्सान पुगिरहेको निष्कर्ष सुनाएका थिए । माओवादीका प्रभावशाली नेता वर्षमान पुनले सार्वजनिक मन्तव्यबाटै यो गठबन्धन बोकिरहनुपर्ने बाध्यता नरहेको अभिव्यक्ति दिइरहेका छन् । कांग्रेस र माओवादीजस्तै एकीकृत समाजवादीभित्र पनि अहिलेको गठबन्धनप्रति असन्तुष्टि बढेर गएको छ । पूर्वप्रधानमन्त्री झलनाथ खनालले यो सरकार पूर्ण असफल भएको निष्कर्ष सार्वजनिक मञ्चबाट लगातार दिइरहेका छन् । जबकी आगामी आमचुनावसम्म गठबन्धनका दलहरूबीच आलोपालो प्रधानमन्त्रीको सहमति छ ।

तर बढ्दो खटपटले वर्तमान सरकारले जनअपेक्षा र संविधान बमोजिम काम गर्न सकिरहेको छैन । विशेषगरी विवादित मन्त्रीहरू हटाउन नसक्ने परिस्थितिमा प्रधानमन्त्री देखिएका छन् । अख्तियारमा बयान दिएका स्वास्थ तथा जनसंख्या मन्त्री मोहनबहादुर बस्नेत र बालकुमारी घटनामा दोषी देखिएको प्रतिवेदन आएपछि भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालालाई हटाउनुपर्ने सार्वजनिक दबाव बढ्दो छ । विपक्षी दलहरूले यी मन्त्रीहरूको राजीनामा मागेर संसद् अवरूद्ध गर्दै आएको छ । तर कांग्रेस नेता बस्नेत र एकीकृत समाजवादीका नेता ज्वालालाई मन्त्रीबाट हटाउन नसक्ने परिस्थितिमा प्रधानमन्त्री छन् । यही कारणले पनि गठबन्धनबीच थप खटपट बढेको देखिन्छ । यदि यो खटपट मत्थर हुन नसके सरकार संकटमा पर्ने संभावना हुन्छ । त्यसपछि फेरि अर्को गठबन्धन हुन सक्छ । तर त्यसरी बन्ने गठबन्धनले पनि मुलुकलाई निकास दिनेमा विश्वास गर्न सकिदैन । यस्तो दुष्चक्रको मुख्य कारण भने नेताहरूको स्वार्थ हो । संविधान र जनादेश हेरेर काम नगरी नेताहरूको स्वार्थमा काम गर्दा एकपछि अर्को राष्ट्रिय समस्या आइरहेको देखिन्छ । तसर्थ नेतृत्वले एकपटक मुलुक, संविधान र जनता हेरेर व्यक्तिगत स्वार्थरहित निर्णय लिन आवश्यक छ ।

## तपाईंको राशिफल

मेष : स्वास्थ्य लाभ मिल्नेछ । पराक्रममा वृद्धिको योग छ ।
वृष : धार्मिक कार्यमा सहभागी हुने योग छ । विवादमा पर्ने योग छ ।
मिथुन : अचल सम्पत्तिमा वृद्धि हुनेछ । नाता गोतासित भेट हुने योग छ ।
कर्कट : लगानी बढ्दै जानेछ । शुभ कार्य सम्पन्न हुनेछ ।
सिंह : राजनैतिक लाभ प्राप्त हुनेछ । जिम्मेवारी थपिनेछ ।
कन्या : अनावश्यक खर्चमाथि नियन्त्रण राख्नुहोला । नयाँ काम बन्ने योग छ ।
तुला : जीवनसाथीको राम्रो सहयोग पाइनेछ । अचानक धनलाभ मिल्नेछ ।
वृश्चिक : स्वास्थ्य राम्रो रहनेछ । आजको दिन धेरै शुभ रहनेछ ।
धनु : व्यर्थको यात्रा र परेशानीको योग छ । साहसिक कार्य सफल हुनेछ ।
मकर : आय वृद्धि हुनेछ । राजनैतिक कार्यमा रुकावट आउनेछ ।
कुम्भ : पारिवारिक कार्य सफल हुनेछ । उन्नतिको मार्ग प्रशस्त हुनेछ ।
मीन : काम गर्दा गर्दै अचानक रिस उठ्न सक्छ । पारिवारिक खुशी प्राप्त हुनेछ ।




*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# नेपालमा पर्यटन विकास

*नेपालमा भरपर्दो सूचना प्रबर्द्धन केन्द्रहरूको कमीका कारण यहाँका कला, संस्कृति एवम् प्राकृतिक दृश्यहरूको बारेमा राम्ररी प्रचार-प्रसार गर्न सकिएको छैन । त्यसैले यहाँको पर्यटन उद्योगमा सोचेअनुरूप विकास गर्न सकिएको छैन ।*

अग्रलेख



● के.बी. बस्नेत

आज पर्यटकहरू विश्वका विभिन्न देशमा मनोरञ्जन एवम् अध्ययन अनुसन्धानका लागि भ्रमण गर्छन् । यसरी भ्रमण गर्दा, उनीहरूलाई आनन्द मात्र प्राप्त हुँदैन ज्ञानोपार्जन पनि हुन्छ । कोभिड-१९ को महामारीपछि विश्वको पर्यटन उद्योग केही खस्किए पनि यसबाट हुने वार्षिक आम्दानी सरदर आठ सय अर्ब डलर छ । जसमध्ये नेपाललगायत अन्य दक्षिण एसियाली देशहरूले एक प्रतिशत मात्र आर्जन गर्छन् । केही वर्षयता छिमेकी राष्ट्र चीनले उक्त उद्योगबाट निकै फाइदा प्राप्त गर्न थालेको छ ।

हाल विश्वमा हवाई यातायातको धेरै विकास भएको छ । यस्तो यातायातका साधन छिटोछरितो एवम् आरामदायक भएकाले धेरैजसो पर्यटकहरू वायुसेवा रूचाउँछन् । यही कारणले सन् १९९० को दशकदेखि हवाई सेवा रूचाउने पर्यटकहरूको संख्या प्रचुर मात्रामा बढेको छ । एक आधिकारिक तथ्यांकअनुसार विश्वका डेढ अर्ब पर्यटकहरू हवाई मार्गबाट भ्रमण गर्छन् । यसले हवाई यातायात विकासको शुभ संकेत गर्छ । वर्तमान समयमा एशिया र प्रशान्त क्षेत्रका हवाई सेवा कम्पनीहरूले आफ्ना पारवहन क्षमता १० प्रतिशत बढाएका छन् । विश्वव्यापी अनुमानअनुसार यी कम्पनीहरूले सम्पूर्ण पर्यटकहरूमध्ये झण्डै ८० प्रतिशतलाई सेवा प्रदान गरी प्रशस्त आम्दानी गर्छन् । यसबाट पर्यटन उद्योगको प्रबर्द्धनमा ठूलो सघाउ पुगेको छ ।

हाल विश्वको विभिन्न देशमा आवत-जावत गर्ने पर्यटकहरूको संख्या तीव्ररूपले बढिरहेको छ । त्यसैले यी देशहरूमा उजागर नभएका भौगोलिक, प्राकृतिक, सांस्कृतिक, धार्मिक आदि तथ्यहरू पत्ता लगाई प्रचार-प्रसार गर्ने प्रतिस्पर्धा बढिरहेको छ । वस्तुतः नेपाल प्राकृतिक, सांस्कृतिक र धार्मिक विविधताको संगमस्थल हो । यहाँको सांस्कृतिक एवम् धार्मिक विरासत शताब्दीऔं पुराना मात्र नभई अनुपम पनि मानिन्छ । यहाँको समाजको संरचना विभिन्न जातजाति, धर्म, संस्कार र संस्कृतिको महत्वपूर्ण समझदारी एवम् सहकार्यमा जीवन्त रहेको छ । यहाँका संस्कार, दिनचर्या र सहिष्णुता अन्य देशहरूको लागि उदाहरणीय मात्र नभई अनुकरणीय पनि हुन सक्छन् । यहाँ विद्यमान विभिन्न जातजाति तथा समुदायको पहिचान र रहनसहन उनीहरूको नाचबाट प्रतिबिम्बित हुन्छन् । योबाहेक उक्त सम्बन्धमा यहाँको कला, शिल्प, लोकगीत, बाध्यवादन, भाषा, साहित्य, दर्शन, धर्म, उत्सव, खाना र पेयपदार्थहरूबाट पनि मुखरित हुन्छन् ।

विश्वमा एक ठूलो उद्योगको रूपमा अंगीकार गरिएको पर्यटन उद्योग नेपाल सरकारको प्राथमिकतामा हालसम्म पनि पर्न नसक्नु बिडम्बना हो । वास्तवमा उक्त उद्योगको विकासका लागि यहाँका प्राकृतिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको सम्बर्द्धन तथा प्रवर्द्धन गर्न आवश्यक छ । खर्चको हिसाबले नेपाल एक सस्तो देश मानिन्छ । तर, प्रचार-प्रसारको कमीले यहाँ सोचेअनुरूप पर्यटकहरू आउँदैनन् । वस्तुतः नेपाल अविकृत चीजहरूले भरिएको एक स्वतन्त्र देश हो । जहाँ प्रकृतिलाई नजिकबाट नियालेर हेर्न सकिन्छ । यहाँ पदयात्रा, जलयात्रा, तालतलैया विहार, प्याराग्लाईडिङ्ग, बन्जी जम्पिङ, जङ्गल सफारी, गुफाको यात्रा आदि गर्न सकिने भएकोले प्रत्येक वर्ष प्रचुर मात्रामा पर्यटकहरूलाई आकर्षण गर्न सकिन्छ ।

हाम्रो पुर्खाले आर्जेका र प्रकृतिले दिएको प्रचुर सम्पदाको सदुपयोग गर्नसके भविष्यमा नेपालमा पर्यटन उद्योगबाट धेरै फाइदा लिन सकिन्छ । परन्तु, यसका लागि यहाँको राजनीतिक नेतृत्वमा दूरदर्शी सोच एवम् दृढ इच्छाशक्तिका आवश्यकता छ । भविष्यमा यहाँको ठोस पर्यटन विकासका लागि एकातिर ऐतिहासिक पर्यटकीय स्थल, गढी, किल्ला, दरबार आदिको सम्बन्धमा व्यापक प्रचार-प्रसार गर्न आवश्यक छ भने अर्कोतिर संरक्षण एवम् सहज पहुँचका लागि व्यवस्था गर्न पनि उत्तिकै जरूरी छ । योबाहेक यहाँ पर्वतीय पर्यटन, ग्रामीण पर्यटन, स्वास्थ्य पर्यटन, कृषि पर्यटन, खेल पर्यटन आदिको विकास गर्न पनि आवश्यक छ ।



*वस्तुतः पर्यटकहरूको बसाइ र उनीहरूले गर्ने खर्चले यहाँको पर्यटन उद्योगमा सकारात्मक प्रभाव पर्छ । त्यसैले एकातर्फ यहाँ पर्यटकहरूको संख्या बढाउनुका साथै उनीहरूको बसाइ लम्ब्याउन आवश्यक छ भने अर्कोतर्फ प्रतिपर्यटकले गर्ने दैनिक खर्च बढाउनेतर्फ सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूको ध्यान यथाशीघ्र आकृष्ट हुनु परेको छ ।*

यथार्थतः नेपाल एक कमजोर आर्थिक अवस्था भएका देश हुनाले यही आधुनिक संरचनाको विकास गरी बढी पर्यटकहरू आकर्षण गर्न सम्भव छैन । वास्तवमा यहाँ उपयुक्त ठाउँमा बाटो, होटल, सुरक्षित वातावरण आदिको सुनिश्चित गर्न सके यहाँको पर्यटन उद्योग विकासमा निकै टेवा पुग्न सक्छ । यति मात्र नभई यहाँको परम्परा, लोपोन्मुख भाषा, कला, संस्कृति आदिको संरक्षण एवम् प्रवर्द्धनको लागि एक राष्ट्रिय स्तरको र सात प्रदेशमा प्रदेश स्तरीय सांस्कृतिक संग्रहालयहरू स्थापना गर्नसके उक्त उद्योगको विकासमा थप सघाउ पुग्नेछ ।

कोभिड-१९ को महामारी सुरू हुनुअघि अर्थात् सन् २०१९ मा यहाँ विदेशी पर्यटकहरूको आगमन दुई प्रतिशतले बढेको थियो भने उनीहरूको औसत बसाइ अवधि १५ दशमलब एक प्रतिशत पुगेको थियो । योबाहेक उनीहरूको प्रतिदिन खर्च विगतको तुलनामा केही वृद्धि भई ६५ अमेरिकी डलर पुगेको थियो । तर, कोभिड-१९ को चरणबद्ध महामारीपश्चात् सन् २०२० मा विदेशी पर्यटकहरूको आगमनमा झण्डै ८१ प्रतिशत कम भएको कुरा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयद्वारा प्रकाशित एक तथ्याङ्कले इङ्गित गरेको छ । उक्त अवधिमा हवाई मार्ग र स्थल मार्गबाट नेपाल भित्रिने विदेशी पर्यटकहरूको संख्या दुई लाख ३० हजारमा सीमित भयो । यसबाट यहाँको अर्थतन्त्रमा नकारात्मक प्रभाव पऱ्यो ।

हाल कोरोना कमजोर हुँदै गए पनि नेपाल पर्यटन बोर्डले केही समयअघि सार्वजनिक गरेको एक आँकडाअनुसार यहाँको पर्यटन क्षेत्रले प्रतिदिन सरदर १० अर्ब बराबरको क्षति व्यहोर्नुपरेको थियो । यति मात्र नभई उक्त क्षेत्रमा संलग्न लगानीकर्ता तथा कामदारहरूको भविष्य अझसम्म सुनिश्चित बन्न सकेको छैन । आगामी दिनहरूमा कोरोनाको महामारी पूर्ण रूपले रोकिए पनि यसको प्रभावबाट पर्यटन क्षेत्रलाई उकास्न तीनदेखि पाँच वर्षसम्म लाग्न सक्ने कुरा सम्बन्धित विज्ञहरूले बताएका छन् । तसर्थ, उक्त क्षेत्रको पुनरूत्थान गर्ने काम कम चुनौतिपूर्ण छैन ।

नेपाल सरकारले वर्षौंदेखि पर्यटन क्षेत्रको विकासलाई प्राथमिकता दिँदै आए पनि पर्यटकीय पूर्वाधारहरूको कमी, आर्थिक कूटनीतिको न्यून उपयोग, नयाँ सम्भावित क्षेत्रहरूको खोजी एवम् विस्तार नहुनु र हार्डवेयरमा बढी ध्यान दिई सफ्टवेयर ओझेलमा पर्नाले उक्त क्षेत्रको विकासमा समस्याहरू देखापरेका छन् । नेपालमा पर्यटन विकासका धेरै सम्भावना भए पनि यसलाई ग्रामीण स्तरसम्म पुऱ्याउन नसक्नाले अपेक्षाअनुसारको फाइदा लिन सकिएको छैन । योबाहेक पर्यटन क्षेत्रलाई विविधिकरण गर्न नसक्दा धेरैजसो विदेशी पर्यटकहरू काठमाडौं, चितवन, पोखरा, लुम्बिनी र जनकपुरमा केन्द्रित छन् भने बाँकी पर्यटकीय स्थलहरू ओझेलमा परेका छन् ।

एकातिर यहाँ विदेशी पर्यटकहरूका लागि सुविधायुक्त होटल तथा रिसोर्टहरूको संख्या एवम् गुणस्तर दुवै कमजोर छन् भने अर्कोतिर यहाँको प्रमुख गन्तव्यस्थल सुविधायुक्त यातायात प्रणालीले जोड्न सकिएको छैन । बेला-बेलामा गरिने बन्द, हड्ताल र कमजोर शान्ति सुरक्षाको कारण यहाँको पर्यटन विकासमा समस्या थपिएको छ । यहाँ बेलाबेलामा विदेशी पर्यटकहरू लुटिएका, कुटिएका र मारिएका घटनाहरू सञ्चार माध्यमहरूमा प्रकाशमा आउँछन् । जबसम्म उनीहरूको सुरक्षाको प्रत्याभूत हुँदैन, तबसम्म उनीहरूको संख्या एवम् बसाइ अवधि बढ्न सक्दैन र यो देशलाई खासै फाइदा हुँदैन । आगामी दिनहरूमा यस सम्बन्धमा सुधार नभएमा बिकराल समस्याको रूपमा देखापर्नेछ ।

नेपालमा भरपर्दो सूचना प्रबर्द्धन केन्द्रहरूको कमीको कारण यहाँका कला, संस्कृति एवम् प्राकृतिक दृश्यहरूको बारेमा राम्ररी प्रचार-प्रसार गर्न सकिएको छैन । त्यसैले यहाँको पर्यटन उद्योगमा सोचेअनुरूप विकास गर्न सकिएको छैन । वस्तुतः यहाँको मौलिक संस्कृतिको प्रचार-प्रसार एवम् प्रवर्द्धनको तुलनामा विदेशी छाडापन र खुलापनको नक्कलले यहाँका सामाजिक तथा सांस्कृतिक विकृतिहरू बढिरहेका छन् । सोबाहेक यहाँ पर्यटकहरूका लागि सुविधायुक्त होटल तथा रिसोर्टहरूको संख्या एवम् गुणस्तर कम छ । जसले यहाँको पर्यटन विकासमा समस्याहरू थपेका छन् । प्रत्येक १० लाखको लगानीबाट उद्योग तथा कलकारखानाले १३, कृषिले ४५ र पर्यटन उद्योगले ८९ रोजगारी सिर्जना गर्ने तथ्य प्रकाशमा आएको छ । तसर्थ, पर्यटन उद्योगमा गरिएको लगानीले सर्वसाधारणको जीवनस्तरमा तत्काल सकारात्मक प्रभाव ल्याउन सक्ने कुरामा दुईमत नहोला ।

देश र जनताको लागि महत्वपूर्ण मानिएको पर्यटन उद्योगमा सहज पहुँच (एयर कनेक्टीभीटी)को समस्यालाई समाधान गर्न हामीले आजसम्म पहल गर्न सकेका छैनौं । यहाँ न त हवाई मार्गको समस्या राम्ररी समाधान गर्न सकिएको छ न त फुल फ्लेज्ड अन्तराष्ट्रिय विमानस्थलको पहल अगाडि बढ्न सकेको छ । एक आधिकारिक तथ्यांकअनुसार नेपालमा पर्यटकहरूको सालाखाला बसाइ १५ दशमलब पाँच दिन छ । सन् २०२० मा यहाँ प्रतिपर्यटकले प्रतिदिन ६५ डलर खर्च गरेका थिए । सन् २०२१ मा उक्त रकम ४८ डलर मात्र थियो ।

वस्तुतः पर्यटकहरूको बसाइ र उनीहरूले गर्ने खर्चले यहाँको पर्यटन उद्योगमा सकारात्मक प्रभाव पर्छ । त्यसैले एकातर्फ यहाँ पर्यटकहरूको संख्या बढाउनुको साथै उनीहरूको बसाइ लम्ब्याउन आवश्यक छ भने अर्कोतर्फ प्रति पर्यटकले गर्ने दैनिक खर्च बढाउनेतर्फ सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूको ध्यान यथाशीघ्र आकृष्ट हुनु परेको छ । यसैगरी, अरू देशहरूले पाँच रूपैयाँ नपर्ने कामलाई हजारौं रूपैयाँमा बिक्री गर्न जाने झैं नेपालले पनि आफ्नो पर्यटकीय प्रस्तुतिलाई सुधार्दै झोले पर्यटकहरूलाई दुरूत्साह गर्न आवश्यक छ भने उच्च स्तरका पर्यटकहरूलाई प्रोत्साहन दिन जरूरी छ ।

## सामाजिक सञ्जाल




**- ओमकुमार थापा**

मालिकको आदेश पालना गर्नु नपरेको खण्डमा आगामी निर्वाचनमा कांग्रेसले कथम् गठबन्धन गरेन र लात हान्ने अवस्था आयो भने एमालेसँगको सहकार्य हुन्छ कि भन्ने आशले समाजवादी मोर्चाले सहकार्य गर्ने मृगतृष्णा राखेछ । एमाले फुटाउने प्रतिक्रियावादीहरूका मतियारलाई अब फेरि एमाले नै चाहिएछ ?



**- सुर्यराज आचार्य**

प्राज्ञिक व्यक्तिमा राजनीतिक आस्था हुनसक्छ, कुनै दलप्रतिको 'सम्बद्धता' हुनसक्छ । प्राज्ञिक दक्षता, निष्ठा र क्रियाशिलताको अभ्यास या राजनीति/दलसँगको सम्बद्धताको अभ्यास जे बढी मुखरित छ, समाजले व्यक्तिलाई त्यसरी नै चिन्छ । 'फलानो दलको' भन्ने पहिलो पहिचान प्राज्ञिक अयोग्यताको संकेत हो ।



**- शरदराज पाठक**

तथ्यले अर्कै दृश्य देखाएपछि बुझेका लचिला मानिसहरू (राजनीतिकर्मीहरू) ढिँट बन्दैनन् । आफ्ना धारणा परिवर्तन गर्छन्, मार्ग बदल्छन् । फरक यत्ति हो: कसैले स्व-घोषणा गरेर मार्ग बदल्छन्, कसैले यत्तिकै । नियत सफा छ र राष्ट्रिय हितलाई ध्यानमा राखिएको छ भने मार्ग परिवर्तनलाई स्वागत गरौं ।



**-चन्द्र श्रेष्ठ**

'मायाले अभाव थेक्दैन', माया-ममता एक पाटो छँदैछ भने अर्को पाटो आर्थिक अभाव जसको कारण गास, बास, कपासदेखि स्वास्थ्य र शिक्षासम्म राम्रो प्रभाव पार्न हाम्रो परिस्थितिमा रोजगार राज्यमा छैन । व्यापार, व्यवसाय एवम् उद्योग-कारखानामा लगानी गर्ने वातावरण नदेखे पछि विकल्प एक मुलुक छाड्न ।

# त्रिवि सुधारको सवाल र नतिजा प्रकाशन

विचार



● बिदुर दाहाल

*स्नातक तहको परीक्षाफल प्रकाशन हुन १८ महिनासम्म लाग्ने गरेको इतिहास छ । यस्तोमा के साँच्चिकै नतिजा छिटो निकाल्न नसकिने हो त ? परीक्षाको नतिजा समयमा दिन नसकेर आलोचित बनेको परीक्षा नियन्त्रण कार्यालय, बल्खुले समयमा नतिजा निकाल्न सक्ला ? के यो सम्भव छ ?*

आज विश्वविद्यालय कसरी सुधार गर्ने भन्ने विषय सबैभन्दा गहन बहसको विषय बनेको छ । उपकुलपतिको रूपमा केशरजंग बरालको नियुक्तीसँगै त्रिवि सुधारको बहस थप अगाडि बढेको छ । यस लेखमा विशेषगरी परीक्षाको नतिजा समयमा दिन नसकेर आलोचित बनेको परीक्षा नियन्त्रण कार्यालय, बल्खुले समयमा नतिजा निकाल्न सक्ला ? के यो सम्भव छ ? यो आलेखमा त्रि.वि.का अरु समस्या र चुनौतीलाई बिर्सेर नतिजाको कुरा मात्र उल्लेख गरिएको छ ।

नवनियुक्त उपकुलपति बरालले आफ्नो सोच पत्रमा छिटो परीक्षाको नतिजा दिने उल्लेख गरेका छन् । स्नातक तहको परीक्षाफल प्रकाशन हुन १८ महिनासम्म लागेको इतिहास छ । यस्तोमा के साँच्चिकै नतिजा छिटो निकाल्न नसकिने हो त ? कदापी होइन । तिन महिनाभित्रै नतिजा निकाल्न सकिन्छ । तर, के गर्नु पर्छ त छिटो नतिजा निकाल्न ?

पहिलो कुरा त्रिभुवन विश्वविद्यालयको भीमकाय स्वरूप र संरचना छ । त्यसलाई यथाशक्य छिटो पुनर्संरचना गर्नुपर्छ । पुनर्संरचना गर्न समय लाग्ला । त्यसबेलासम्म नतिजा ननिकाल्ने त ? त्यो पनि होइन । नतिजा छिटो गर्ने केही उपाय छन् । त्यसका लागि केही प्रशासनिक केही नीतिगत निर्णय गर्नुपर्छ ।

१) सहजताको लागि अहिलेको प्रदेशलाई आधार मानेर परीक्षार्थीका कपी सोही क्षेत्रमा प्याकिङ, कोडिङ र सूचीकृत गरी अर्को प्रदेशमा परीक्षण गर्न पठाउनु पर्छ ।
२) कपी परीक्षणको तरिका परिवर्तन गर्नुपर्छ । घरमा परीक्षण गर्न दिने प्रणालीलाई परिवर्तन गरी एउटा निश्चित केन्द्रमा परीक्षण गराउने चाँजो पाँजो मिलाउनु पर्छ । जुन गार्हो काम होइन । गराउन सकिन्छ ।
३) गोपनीयताका लागि विद्यार्थीको उत्तर पुस्तिकामा परीक्षा केन्द्रको नाम उल्लेख नगरी परीक्षा केन्द्र नम्बर उल्लेख गर्ने व्यवस्था तत्काल मिलाउनुपर्छ ।
४) कोडिङ गरेका कपीलाई विश्वसनीय हुनेगरी अर्को प्रदेशको कपी परीक्षण केन्द्रमा पठाई परिक्षण गरेर छिटोभन्दा छिटो पनिका बल्खुमा पठाउनु पर्छ ।
५) पनिका बल्खुमा नम्बर इन्ट्री गर्ने एउटा कम्प्युटर प्राविधिकको टिम बनाउनु पर्छ । बल्खुमा नवजवान र फुर्तिला कर्मचारी सरुवा गर्नुपर्छ ।
६) परीक्षा लिने र कपी ओहोर दोहोर गराउने प्रणाली तत्काल बन्द गर्नुपर्छ । सबैभन्दा ढिलो यसैमा भएको हो ।
७) वास्तवमा सम्परीक्षण र नम्बर इन्ट्री पनि सम्बन्धित क्षेत्रीय वा प्रदेश कार्यालयबाट गर्न सकिन्छ । होइन गोपनियतामा समस्या आउने ठानिएमा पनिका बल्खुमा नै ती काम गर्न सकिन्छ ।
८) डीन कार्यालयहरुमा सेमेष्टर प्रणालीका परीक्षा भद्रगोल तरिकाले चलेका छन् । तिनिहरुलाई पनि पनिका बल्खुमा समाहित गर्नुपर्छ । परीक्षाका क्षेत्रीय वा प्रादेशिक कार्यालय बाहेक उपत्यकामा एक मात्र कार्यालय परीक्षा नियन्त्रण कार्यालय बनाउनु पर्छ । छरिएका स्रोत साधन र जनशक्ति एकत्रित गर्नुपर्छ ।
९) यी सबै काम गर्न सम्भव छ । त्यसका लागि केही नीतिगत र प्रणालीगत व्यवधान हटाउनुपर्छ ।
१०) विश्वविद्यालय पुनर्संरचना भएपछि सबै प्रणाली चुस्त दुरुस्त हुनेछ । सानो र व्यवस्थित विश्वविद्यालयलाई परीक्षा प्रणाली भारी पक्कै हुने छैन ।
११) काम गर्ने शिक्षक/कर्मचारीलाई उत्प्रेरित गर्नुपर्छ । केन्द्रमा बसेर कपी परीक्षण गर्दा प्रति कपी कम्तिमा रु १०० दिने व्यवस्था मिलाउनु पर्छ । सम्परीक्षणको पनि मूल्य बढाउनु पर्छ । यसले कपी परीक्षण र सम्परीक्षणको काममा शिक्षकलाई उत्प्रेरित गराउँछ । त्यसैगरी परीक्षामा काम गर्ने कर्मचारीलाई खाईपाई आएको तलबमा ५० देखि ७५ प्रतिशतसम्म भत्ताको व्यवस्था गर्नुपर्छ । यसले काम गर्ने वातावरण तयार हुन्छ ।

यसो गर्न सकेमा सबै तहको परीक्षाको नतिजा तीन महिना वा सोभन्दा अगाडि दिन सकिन्छ । यी सबै कुरा सम्भव छ । मात्रै कार्य प्रणाली परिवर्तन गर्न जरुरी छ ।

# चामल किन्न दिनभर लाइन

**धनकृष्ण विक / मध्यान्ह**
बाजुरा, १३ फागुन

बाजुराको सदरमुकाम मार्तडीमा रहेको खाध्य व्यवस्था तथा व्यापार कम्पनीमा सस्तो मूल्य पर्ने मोटा चामल आएपछि चामल किन्ने सर्वसाधारणको भिड बढेको छ । गत भदौ महिनामा सकिएको चामल समयमा नआउँदा नागरिकहरु महँगीको मारमा परेका थिए । करिब ७ महिनाको अन्तरालमा डिपोमा मोटा चामल आएपछि चामल किन्ने सर्वसाधारणको भिड लागेको खाध्य व्यवस्था तथा व्यापार कम्पनी बाजुरा शाखाले जनाएको छ ।

उक्त चामल ढुवानी गर्ने ठेकेदार कम्पनीको ढिला सुस्तीका कारण सर्वसाधारणलाई चामल वितरणमा समस्या आएको खाध्य व्यवस्था तथा व्यापार कम्पनीका कार्यालय प्रमुख उमेश भण्डारीले बताए । निजी बजारको महँगीमा परेका सर्वसाधारण अहिले केही डिपोमा सस्तो मोटा



चामल आएपछि घरको काम थाती राखेर चामल किन्न लाइनमा बसेको उनले बताए ।

बडिमालिका नगरपालिकाभित्रका स्थानिय तथा सदरमुकाममा अध्ययनरत विद्यार्थीहरु पढाइ छोडेर दिनभर चामल किन्न डिपोमा लाइन बस्ने गरेका छन् । तर दिनभर लाइन बसेपनि कतिपय नागरिक बेलुका रित्तो हात फर्किनुपर्ने बाध्यता रहेकाले थप चामल ल्याउनका लागि सरोकारवाला निकायले ध्यान दिनुपर्ने स्थानीयहरु बताउँछन् ।

पहिलो चरणमा आएको २ सय क्विन्टल चामल दुई दिन नपुग्दै बिक्री भएको र त्यसपछि एक सय क्विन्टल चामल थप आए पनि विपदजन्य अवस्थाका लागि भण्डार गरिएको कम्पनीले जनाएको छ । त्यसपछि थप दुई सय सत्तरी क्विन्टल चामल डिपोमा भित्रिएको र नागरिकलाई वितरण शुरु गरिएको कार्यालय प्रमुख भण्डारीले बताए ।


## साउदीमा रोजगार | कम्पनी: RUKN AL-ELAQA FACTORY VIP INDUSTRY, शहर: RIYADH

पूर्व स्वीकृत मिति:२०८०/११/१३ चलानी नं.: ६०२१५४३९ L.T. No: 300499

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tailor | 47 | 0 | स. काममा दक्ष | 1200 | ४२,३८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**प्रि-अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १८ र १९ गते (1 & 2 March 2024) मा हुनेछ ।**

**फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २१ देखि २५ गते सम्म (4 to 8 March 2024) मा हुनेछ ।**

**नोट : प्रि- अन्तर्वार्ता मा सामेल भएकाहरुले मात्र फाइनल अन्तर्वार्तामा सहभागी हुन पाउनेछन ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**FAMOUS HUMAN RESOURCES PVT. LTD.**
श्रम इजाजत नं. ५४५/०६१/०६२
Sinamangal-9, Kathmandu, Nepal (in front of Hope Hospital)
Phone No:4116659, 4116660,9801307500, 9804278762
Itahari Contact No: 9807379440, 9801322609 Janakpur Contact No: 9816865253
Email: info@famoushr.com.np, famoushr545@gmail.com. Web:www.famoushr.com.np



## साउदीमा रोजगार | कम्पनी: ABDULAZIZ HASSAN ALDAHAN AND PARTNERS COMPANY, शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०८०/०६/२३ चलानी नं.: ६०२०८८०२ LT. No.: 292214 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | A Builder | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन २१ गते (4 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**फ्यूचर माईन्डस् प्रा. लि.**
श्रम इजाजत नं. १०२८/०६८/०६९
एयरपोर्ट, सिनामंगल, काठमाडौं, फोन : ४१११०४४, फ्याक्स : ४१११०४४
E-mail : info@futureminds.com.np, futuremindshr@gmail.com, www.futureminds.com.np



## यूएईमा रोजगार | कम्पनी : CITIZEN BUILDING CLEANING SERVICES LLC, शहर: UAE

पूर्व स्वीकृत मिति: २०७९/११/०८ चलानी नं.: ६०१९६३४८ LT. No.: 281410 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 50 | 50 | स. काममा दक्ष | 900 | ३२,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन २१ गते (4 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Golden Achivers International Pvt.Ltd.**
श्रम इजाजत पत्र नं. १५३३/०७८/०७९
Basundhara Chauki Kathmandu, Tel: 01-5914478,01-5919381.
Mobile: 9818261234, 9803552057, 9808752412
Itahari: 025-590946,9802702545,9808349334, 9818455280
Email: info@goldenach.com, web:www.goldenach.com



## UAE मा रोजगार | कम्पनी: ROYAL SHADOW SECURITY SERVICES LLC, शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०८०/१०/२४ चलानी नं.: ६०२१४४९५ L.T. No.: 299596 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Helper | 64 | 0 | स. काममा दक्ष | 900 | ३२,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० फागुन २१ गते (4 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा. लि.**
श्रम इजाजत नं. ७७९/०६५/०६६
Pulchowk, Lalitpur | Tel: 5409108 , 5450061 | Email:-gorkhahrs779@gmail.com
Mobile: 9849835502 | 9818106406 | 9813571379 | 9802853456
Chitwan : 9865087111, Ithari : 9851060167 | Phokhara: 9802853454



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : 1 SECURITY SERVICES SDN BHD शहर: Malaysia, Negeri Sembilan

पूर्व स्वीकृत मिति: २०८०/०९/१२ चलानी नं.: ६०२१२२५० LT. No.: 297302 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 28 | 0 | स. काममा दक्ष | 1500 | ४१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० फागुन २५, २६ र २७ गते (8, 9 & 10 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Growth Process International Employment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं. ५१८/०६१/०६२
P.O.Box No.: 12839, Basundhara-3, Kathmandu, Nepal, Phone No.: 015904622, Fax: 4383347
Email : growth_processintl@yahoo.com, Web. : www.growthprocessintl.com



## कतारमा रोजगारको अवसर | कम्पनी : TOUCH FOR CLEANING HOSPITALITY TRADING, शहर: DOHA

पूर्व स्वीकृत मिति: २०८०/११/१३ चलानी नं.: ६०२१५४४० LT. No.:300541

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 0 | 23 | स. काममा दक्ष | 1000 | ३६,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २१ गते (4 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**H.M.T. Overseas Pvt. Ltd.**
Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301 | Mob.: 9803515104, 9842036587, 9808466028, 9816731487, 9862504026, 9808635854, 9869317171.



## यूएईमा रोजगार | कम्पनी: SUKRAH BEAUTY CENTER SALOON, शहर: UAE

पूर्व स्वीकृत मिति: २०८०/११/१३ चलानी नं.: ६०२१५४७७ LT. No.: 300582

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1500 | ५४,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hairdresser | 0 | 3 | | 1500 | ५४,०७५ | | | | | | | |
| 3. | Henna Applicator | 0 | 1 | | 1500 | ५४,०७५ | | | | | | | |
| 4. | Manicurist | 0 | 5 | | 1500 | ५४,०७५ | | | | | | | |
| 5. | Masseurs | 0 | 3 | | 1500 | ५४,०७५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २१ गते (4 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि: शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Frontline Recruitment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646
Fax:+977-01-4493647, Email:info@manpoweragencynepal.com



## यूएईमा रोजगार | कम्पनी: LULUT AL NAHDA PLASTER AND TILE CONT, शहर: UAE

पूर्व स्वीकृत मिति: २०८०/११/१३ चलानी नं.: ६०२१५४६५ L.T. No.: 300521

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 10 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 10 | 0 | | 1200 | ४३,२६० | | | | | | | |
| 3. | Plaster | 5 | 0 | | 1200 | ४३,२६० | | | | | | | |
| 4. | Tile Layer | 10 | 0 | | 1200 | ४३,२६० | | | | | | | |

कम्पनी: TECHNO VOLT ELECTROMECHANICAL WORKS शहर: UAE

पूर्व स्वीकृत मिति: २०८०/११/१३ चलानी नं.: ६०२१५४६६ L.T. No.: 300522

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper | 10 | 0 | | 1000 | ३६,०५० | | | | | | | |
| 3. | Plumber | 5 | 0 | | 1200 | ४३,२६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २१ गते (4 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**BRIGHT FUTURE HR SOLUTION PVT.LTD.**
श्रम इजाजत नं. १६०२/०७९/०८०
KMC-03, Basundhara, Kathmandu, Nepal.
नेपाल फोन नं.: ०१-५९१४६३२,
फोन नं.: ९८०३७११६०५, ९७६२८८४२१८, ९८४१८०७२९
Email : cvsbrightfuturehrs@gmail.com



## कुवेत र कतारमा रोजगार | कम्पनी: LOCAATION Q8 SNACKS FOOD COMPANY, शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०८०/११/१३ चलानी नं.: ६०२१५४०८ LT. No.:300508

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 3 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५१६५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 2 | 0 | | 150 | ६४५७० | | | | | | | |

कम्पनी: QATAR RELIANCE INTERNATIONAL TRADING & CONT. WLL शहर: DOHA

पूर्व स्वीकृत मिति: २०८०/०४/०९ चलानी नं.:६०२०५१५० LT. No.: 289887 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,५७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrican | 2 | 0 | | 1200 | ४३,५७२ | | | | | | | |
| 3. | Instal Technician | 5 | 0 | | 1500 | ५४,४६५ | | | | | | | |
| 4. | Labour | 7 | 0 | | 1000 | ३६,३१० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २१ गते (4 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**C.D. Human Resources Pvt. Ltd.**
Gov. Lic. No. 1048/073/74
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Mobile :984238673, 9801081253, 9801081255, 9801081252, 9851094766, 9801081247, 9823187308, 9827934073



## UAE मा रोजगार | कम्पनी : JAMS HR SOLUTIONS FZE- JAFZA, शहर: Dubai

पूर्व स्वीकृत मिति:२०८०/०४/२१ चलानी नं.:६०२०५६८७ LT. No.: 290392 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Laborer | 125 | 0 | स. काममा दक्ष | 800 | २८,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | ६ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० फागुन २२ गते (5 March 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता सिपी होटेल र अञ्जली ट्रेनिङ सेन्टर , विर्तामोडमा २०८० फागुन २३ गते (6 March 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता तिलित्तोमा इन्स्टिच्युट अफ ट्रेनिङ एण्ड ट्रेड टेस्ट सेन्टर, बुटवलमा २०८० फागुन २४ गते (7 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

